# काठमाडौ फाइनान्स लिमिटेड (वित्तिय संस्था)

राधेमार्ग, डिल्लीबजार, काठमाडौ

फोन नं. ४४३७४०१, ४४३०५२७

## बाह्रौ वार्षिक साधारण सभा सम्बन्धी सूचना

यस वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०६३ फाल्गुण १८ गते बसेको १४६ औ बैठकको निर्णय अनुसार यस वित्तीय संस्थाको बाह्रौ वार्षिक साधारण सभा देहायका विषयहरु उपर छलफल गर्नका लागि मिति, समय र स्थानमा बस्ने भएको हुदा सभामा शेयरधनी महानुभावहरुको उपस्थितिको लागि यो सूचना प्रेषित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान** :

मिति : २०६३ साल चैत्र ११ गते आइतबार, तदनुसार २५ मार्च, २००७

समय : दिउसो ११:०० बजे ।

स्थान : रसियन कल्चर सेन्टर, कमलपोखरी, काठमाण्डौ ।

**छलफलका विषयहरु :**

१. बाह्रौ वार्षिक साधारणसभाको लागि सञ्चालक समितिको तर्फबाट अध्यक्षको प्रतिवेदन ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०६३ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०६२/६३ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण स्वीकृत गर्ने ।

३. कम्पनी ऐन २०६३ को दफा १६५ (घ) बमोजिम आ.व. २०६३/६४ को लागि लेखापरीक्षण समितिबाट सिफारिस गरिएका लेखापरिक्षक चार्टड एकाउन्टेन्ट, बास्कोटा एण्ड कम्पनी (किशोर बास्कोटा) र निजको पारिश्रमिक रु ५०,०००।- को अनुमोदन गर्ने ।

४. प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धमा विशेष प्रस्ताव ।

   क) वित्तीय संस्थाको अधिकृत तथा जारी पूजी वृद्धि गर्ने सम्बन्धमा प्रबन्धपत्रको दफा ५(क) र ५(ख) मा संशोधन गर्ने।

   ख) वित्तीय संस्थाको नियमावलीको नियम १, नियम २(क), नियम ९, नियम १०(७)(८), नियम १८, नियम ३१ (ग), नियम ३६, नियम ४१(२०) मा संशोधन गर्ने ।

५. संचालक समितिबाट प्रस्तावित १० प्रतिशत नगद लाभांश पारित गर्ने ।

६. वित्तीय संस्थाको पूजी वृद्धिका लागि १:१ का दरले हकप्रद शेयर जारी गर्ने ।

७. विविध ।

**सञ्चालक समितिको आज्ञाले**

**कम्पनी सचिव**